# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

खण्ड ७ संख्या ८ मिति २०८०।०९।२९

## भाग १

**शारदा नगरपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको लागी प्रकाशन गरीएको छ ।**

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८०

**सभाबाट स्वीकृत मितिः२०८०/०९/२९**

**प्रमाणीकरण मितिः २०८०/१०/०३**

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम शारदानगरपालिकाको सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम "शारदा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८०" रहेको छ।

(२) यो ऐन शारदा नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. परिभाषाः (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले शारदा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले शारदा नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले शारदा नगरपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकारः (१)** नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त शारदा नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

**४. नीति, निर्देशिका, कार्यविधि, दिग्दर्शन र मापदण्ड बनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही शारदा नगर कार्यपालिकाले आवश्यकता अनुसार नीति, निर्देशिका, कार्यविधि, दिग्दर्शन र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

**आज्ञाले**
**लिलाधर ववाल**
**नि.प्रमुख प्रशासकीय अधिकृत**